कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ कात्तिक ०१ गते शनिबार

वर्ष १ अंक ९

### जिल्लाको बिशेष परिस्थिती

१. मौसमी प्रतिकुलताका कारण विरामी पर्दाकैं वखत कतिपय अवस्थामा हेलिबाट समेत उद्धार गर्न नसकिने कठिन हुने अवस्था विद्यमान रहेको।

२. वेनी जोमसोम-कोराला नाकासम्म पुग्ने कालीगण्डकी कोरीडोरको बाटो कच्ची भएकोले कतिबेला कँहा पहिरो गई बन्द हुन्छ भन्न सकिने अवस्था नभएकोले बाटोमैं विरामीको अवस्था जे पनि हुन सक्ने।

३. जिल्ला अस्पतालमा भेन्टीलेटर नभएकोले विरामीको अवस्था नाजुक भएमा भेन्टीलेटरमा राखी उपचार गराउन सक्ने अवस्था नरहेको।

४. चिसो मौसम शुरु हुन गइरहेकोले चिसोका कारण निमोनिया, रुघाखोकी जस्ता रोगहरुको संक्रमण बढ्ने सक्ने।

५. हाल सम्म कोरोना संक्रतिम शुन्य रहेको जिल्ला भएको र सोको निरन्तरता आवश्यक भएको।




### मिति २०७७ /०६ /२९ गतेको निर्णयहरु

१. जिल्लाभित्रका मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च र गुरुद्वारा लगायतका धार्मिक एंव सांस्कृतिक महत्वका स्थलहरुमा दैनिक नित्यपुजा/आराधना वाहेक अन्य धार्मिक गतिविधिमा पुर्णरुपमा रोक लगाउने नेपाल सरकारको निर्णयको कडाईका साथ पालना गर्न अनुरोध गर्ने।

२. नेपाल सरकारबाट स्वीकृत Health Protocal को पालना गरी अहिलेको महामारीको रुपमा फैलिएको Covid-19 को संक्रमणबाट आफु बच्न र अरुलाई पनि बचाउन सबैलाई जो जहाँ छौ त्यहि बसी चाडपर्व मनाउन अनुरोध गर्ने।

३. अत्यावश्यक कार्यका लागि घर वाहिर निस्कीदा अनिवार्य रुपमा मास्क प्रयोग गर्ने र भौतिक दुरी कायम गर्न अनुरोध गर्ने।

४. जिल्लाको विशेष अवस्थाको कारण अन्य जिल्लाबाट अति आवश्यक काम नपरि यस जिल्लामा प्रवेश नगर्नु हुन सर्वसाधारण सबैमा अनुरोध गर्ने।

५. नेपाल सरकारको निर्णयानुसार स्वास्थ्य मापदण्ड (Health Protocal) को पालना गर्दै देशका अन्य भागमा होटल तथा रेष्टुरेन्टहरु खुला गरिएको भएता पनि यस जिल्लाको हकमा भने होटल तथा रेष्टुरेन्टका कामदार अधिकांश जिल्ला वाहिर भएको र छिटै जाडो मौसम समेत शुरु हुने भएकोले हाल होटल तथा रेष्टुरेन्ट खुल्ला नरहेको हुँदा वाहिरी जिल्लाबाट यस जिल्लामा प्रवेश गर्न चाहने महानुभवहरुलाई ७७ जिल्ला प्रशासन कार्यालय मार्फत जानकारी गराउने निर्णय गरियो।

६. नेपाल सरकारले अन्य कुनै निर्देशन गरेमा सोही बमोजिम हुने ब्यहोरा समेत सबैमा जानकारी गराउदैं उपरोक्त निर्णयबाट कुनै असुविधा पर्न गएको भए सर्वसाधारणसँग क्षमायाचना गर्ने निर्णय गरियो ।



प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठक बस्दै




जिल्ला प्रशासन कार्यालयमा आएका सेवाग्राहीलाई थर्मोगनबाट शरिरको तापक्रम मापन गर्दै



सुरक्षाकर्मीद्धारा घांसामा कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी माईकिङ्ग गर्दै



सुरक्षाकर्मीद्धारा जोमसोम बजारमा सर्वसाधरणलाई माक्स वितरण गर्दै




यातयात मापदण्ड अनुसार यात्रु बसेको सवारी साधन




जोमसोमका किराना पसलमा सामाजिक दुरी कायम गरी व्यापार व्यवसाय गर्दै

## जिल्लामा रहेका कोभिड-१९ सम्बन्धी हेल्थडेस्कहरु

- जोमसोम बिमानस्थाल
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग

मिति २०७७/०६/०१ गते देखी मिति २०७७।०६।३० गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट जम्मा २९६५(पुरुष-२५९३, महिला-३७२) जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



कोभिड-१९ सम्बन्धी स्वास्थ्य परिक्षण गर्दै स्वास्थ्यकर्मीहरु।

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |

## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |



मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका घांसामा सवारी साधनहरुलाई Disinfection गर्दै सुरक्षाकर्मीहरु

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|
| २९ | २९ | - | २१ | २१ | - | ७१ |

- हालसम्म गरिएका स्वाव टेस्टको नतिजा मध्ये १५० जनाको **Negative** र १ (एक) जनाको **Positive** आएको (पुन:परिक्षण गर्दा नेगेटिभ आएको) ।

## कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि गरिएको कार्यहरुको निरन्तरता

मुस्ताङ जिल्लामा हाल कोरोना संक्रमितको संख्या शून्य भएता पनि कोरोना नियन्त्रण तथा रोकथाम हेतु मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका थासाङ गाउँपालिका वडा नं. ४, घाँसाबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य चेकजाँच गरिदैं आएको छ । स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको टोलीद्धारा स्वास्थ्य परिक्षण तथा सवारी साधन Disinfection का कार्यहरुलाई निरन्तरता दिईएको छ ।


स्वास्थ्य चेकजाँच गर्दा लक्षण देखिएमा सम्बन्धित गाउँपालिकाहरुद्धारा तोकिएको प्रि-आईसोलेशन राख्ने व्यवस्था गरिएको छ







**अंक १ देखि अंक ६ सम्म पाक्षिक रुपमा प्रकाशन हुँदै आएकोमा प्रस्तुत अंक ७ बाट जिल्लास्तरिय CCMC को निर्णयानुसार मासिक रुपमा प्रकाशन गरिएको ।**







## प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang
Email : daomustang@gmail.com
daomustang@moha.gov.np